नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ७४ २०८० साल असोज २७ गते शनिबार (14 Oct. 2023 Saturday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : स्वदेश फर्कन चाहनेलाई उद्धार ३ पृष्ठमा : इजरायलबाट नेपाली नागरिक उद्धार... ३ पृष्ठमा : सामाजिक सञ्जाल एक्सले ...

# बीच सडकमै लाग्ने हाट बजार हटाइयो





**दैनिक समाचारदाता**
**राजविराज, २६ असोज ।**

राजविराजस्थित अतिव्यस्त हुलाकी सडक खण्ड अन्तरगत अदालत रोडमा लाग्ने हाट बजार शुक्रबारदेखी कर्मचारी मिलन केन्द्रको परिसरमा सारिएको छ ।

सडकमा हाट बजार नलगाउन विगत दुई महिनादेखी नगरपालिकाबाट मौखिक रुपमा आग्रह गरिएपनि सो आग्रहलाई व्यापारीहरुले वेवास्ता गर्दै आइरहेका थिए ।

शुक्रबार उनीहरुलाई नगरपालिका सरसफाई कर्मचारी र नगर प्रहरीको संयुक्त टोलीको प्रयासमा सडक छेउमै रहेको कर्मचारी मिलन केन्द्रको परिसरमा सारिएको नगरपालिकाका सरसफाई इन्चार्ज रामकुमार यादवले जानकारी दिएका छन् ।

"नगर भित्रकै सडक मध्ये अति व्यस्त यस सडकको छेउमा तरकारी बिक्रि गर्ने व्यापारी र खरीद गर्ने उपभोक्ताको निकै भिड लाग्ने गरेको हुन्छ । जसकारण

***बाँकी अन्तिम पृष्ठमा***

# जसपा नेपालको वेबसाइट सार्वजनिक

**दैनिक समाचारदाता**
**राजविराज, २६ असोज ।**

जनता समाजवादी पार्टी नेपालले आफ्नो पार्टीको आधिकारिक वेबसाइट शुक्रबार सार्वजनिक गरेको छ ।

जसपाले www.jspnepal.org लाई पार्टीको आधिकारिक वेबसाइटको रुपमा अघि सारेको छ ।

केन्द्रीय कार्यालय वालकुमारी ललितपुरमा आयोजित एक समारोहमा जसपा नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले क्लिक गरेर वेबसाइटको औपचारिक उद्घाटन गरेका हुन् ।

वेबसाइटको सुरुवात गरेसँगै अध्यक्ष यादवले पार्टीको दस्तावेज र अन्य सम्पूर्ण गतिविधिलाई वेबसाइट मार्फत् डिजिटल प्रविधिमा व्यवस्थापन गर्दा पार्टी पंक्तिसँगै जनता मतदातालाई समेत जसपा नेपाल सम्बन्धी सम्पूर्ण जानकारी पाउन सहज र सरल हुने बताए ।

वर्तमान युग सूचना प्रविधिको युग भएकोले पार्टीको सम्पूर्ण दस्तावेजलाई डिजिटल प्रणालीमा रुपान्तरण गर्न आवश्यक रहेको बताए ।

सार्वजनिक गरिएको नयाँ वेबसाइटमा जसपा नेपालको इतिहास, लक्ष्य, उद्देश्यसँगै आधिकारिक दस्तावेज, विभाग तथा जनवर्गिय संगठन, सांगठनिक संरचना लगायत संघ, प्रदेश, जिल्ला र पालिकासम्म पार्टीको महत्वपूर्ण विवरण समावेश गरिएको छ ।

पार्टी अध्यक्ष र अन्य शीर्ष नेतृत्वसँग भेटघाटको लागि अनलाइन अनुरोध फारम र विश्वको जुनसुकै कुनाबाट वेबसाइट मार्फत् पार्टीको सदस्यता लिन सकिने व्यवस्था समेत गरिएको जनाइएको छ ।

# प्रहरीको विशेष सुरक्षा योजना संचालन



**दैनिक समाचारदाता**
**राजविराज, २६ असोज ।**

नजिकिदै गएको चाड पर्वलाई लक्षित गरी सुरक्षा ब्यबस्थालाई चुस्ततुरुस्त बनाउन सप्तरी प्रहरीले विशेष सुरक्षा योजना संचालनमा ल्याएको छ ।

शुक्रवार जिल्ला प्रहरी कार्यालय सप्तरीले पत्रकार सम्मेलनको आयोजना गरी जिल्लामा चाड पर्वको बेला शान्ति सुरक्षा ब्यबस्थित गर्न छिन्नमस्ता शक्तिपिठ र कंकालनी शक्तीपिठमा विशेष सुरक्षा ब्यबस्था संचालन ल्याएको जनाएको छ ।

प्रहरी नायव उपरिक्षक ढुन्डीराज नेउपानेले चाडपर्वलाई लक्षित गरी सीमा नाकाहरूमा कडाईका लागि सबै ईलाका र चौकीसहित राजमार्ग प्रमुखहरूलाई कार्यान्वयन गर्न निर्देशन दिएको जनाए ।

उनले चुनौतीरूपमा रहेको लागू औषध र घरेलु मदिरा मादक पदार्थ सेवन जस्ता गतिबिधि नियन्त्रण गर्न जिल्लाभरीमा ६ सय ९० जना प्रहरीलाई परिचालन गरी सुरक्षा ब्यबस्था कडा पार्ने जानकारी दिए ।

सप्तरी प्रहरी प्रमुख गजुसिद्धि बज्राचार्यको नेतृत्वमा कमान्ड प्रोसेस टोली र डिएसपीको नेतृत्वमा रिजर्व टोली बनाइएको छ ।

# म्याद गुज्रेका, सडेगलेका सामान तथा अखाद्य बस्तु बिक्रि नगर्न सउवा संघको अपिल

**दैनिक समाचारदाता**
**राजविराज, २६ असोज ।**

सप्तरी उद्योग बाणिजय संघले असोज २४ गते अनुगमनका क्रममा कंचनरुप नगरपालिका अन्तरगत सिमरा बजारमा अनुगमनकर्तामाथी व्यापारीद्वारा गरिएको आक्रमणको घोर भर्त्सना गरिएको छ ।

संघका अध्यक्ष लालुप्रसाद अग्रवालले शुक्रबार एक प्रेस विज्ञप्तिमार्फत अनुगमनको औचित्य नबुझि आक्रोसित व्यापारीहरुले अनुगमनकर्तामाथी गरेको आक्रमण भर्त्सना गरेका हुन् ।

विज्ञप्तिमा व्यापारीहरुलाई मर्यादित भई उपभोक्ताको हकहितलाई ध्यानमा राखी म्याद गुज्रेका, सडेगलेका सामान तथा अखाद्य बस्तु बिक्रि नगर्न अपिल समेत गरिएको छ । साथै व्यापार धरासयी रहेको अवस्थामा दुबै पक्षबाट आक्रोसमा आइहुन गएको अप्रिय घटनाप्रति समय परिस्थितिलाई मध्यनजर गर्दै भविष्यमा सरोकारवाला सम्पूर्ण पक्षबाट कानुनको दायरा भित्र रही व्यवहारिक पक्षको समेत मर्यादा राख्दै काम गर्न विश्वास व्यक्त गरिएको छ ।

सोही विज्ञप्तिमा गैर कानुनी रुपमा भित्रिएका सामानहरु स्वभाविक रुपमा बजारमा पाइरहेकाले यस्ता गतिविधिहरु सीमानाकामै रोकिनु पर्ने संघले ठहर गरेको छ ।

# भगवती मन्दिर पुजा समिति गठन

**दैनिक समाचारदाता**
**राजविराज, २६ असोज ।**

राजविराजस्थित श्री श्री श्री १०८ माँ चण्डी दुर्गा भगवती मन्दिर पुजा समिति गठन गरिएको छ ।

वडा नं. ७ का सदस्य रामानन्द देव संयोजक रहने गरि सो समिति गठन गरिएको वडा कार्यालयद्वारा प्रेसित पत्रका उल्लेख गरिएको छ ।

वडा अध्यक्ष सुभाशचन्द्र यादवद्वारा प्रेसित पत्रमा वडा

***बाँकी अन्तिम पृष्ठमा***

## लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

- लामखुट्टेको टोकाईबाट औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं।
- घरवरीपरी पानी जम्न नदिऔं।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मिसाबटबाट बचौं

हरेक किसिमका खाद्यपदार्थ र खानेकुरामा मिसाबट गरिने क्रम रोकिन सकेको छैन् । चामल, दाल, मासु, दूध मात्र होइन दैनिक उपभोग्य हरेक सामानमा मिसाबटहरु भइरहेको छ । यसले गर्दा व्यक्तिको स्वास्थ्य दिनप्रतिदिन खस्किदैं गइरहेको छ । खाद्यान्न बाहेक पेट्रोल, डिजेल, मदिरा, मिठाई सहितका सामानमा पनि मिसाबट गर्ने गरिएको छ । मदिरामा मल मिसाउने प्रबृत्तिले सप्तरीका मदिरापान गर्नेहरु झनै जोखिममा पर्दै गएका छन् । खासगरी स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरुमा खुल्लेआम मिसाबट हुँदै आएको छ । २० किलोको प्याक भएको चामल खरिद गर्दा आधा किलोसम्म अखाद्य वस्तु अर्थात इँटाका साना टुक्राहरु फेला परिरहेका छन् भने खसीको मासुमा बाख्राको मासु, तोरीको तेलमा अन्यको तेल, दूधमा पर्याप्त पानी र कमी भए पाउडर, खुर्सानीको धूलो र बेसारको धूलोमा इँटाको धूलो मिसाउने काम तिब्र गतिमा भइरहेको छ ।

यस बाहेक हरियो तरकारी र मिठाईलाई आकर्षक बनाउन अत्यधिक रंगको प्रयोग हुँदै आएको छ । व्यक्तिको स्वास्थ्यमा नकारात्मक असर पार्ने रंगको प्रयोग हरेक किसिमको हरियो तरकारीमा व्यापारीहरुले गर्दै आएका छन् । यदी लगातार खाद्यवस्तुमा मिसाबट भइरहने हो भने व्यक्तिको स्वास्थ्य अत्यधिक कमजोर बन्दै आयु कम हुँदै जानेछ चाडपर्वको मुखमा जनतालाई सहुलियत दिनका लागि सरोकारवाला निकाय गम्भिर बनोस् र यसतर्फ ती निकायको ध्यान पुगोस ।

# स्वदेश फर्कन चाहनेलाई उद्धार गर्न सरकारको ध्यानाकर्षण

काठमाडौँ, २६ असोज (रासस) ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सांसदहरूले इजरायलमा भएको आङ्कवादी आक्रमणका कारण त्रासमा बसेका नेपालीलाई उद्धार गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको शून्य समयमा सांसद विमला सुवेदीले इजरायलमा भएको आङ्कवादी हमलापछि स्वेदश फर्कन चाहने दुई सय चवन्न जनालाई पहिलो खेपमा शुक्रबार बिहान उद्धार गरिएकामा त्यसको स्वागत गर्दै स्वदेश फर्कन चाहनेलाई सबै नेपालीलाई ल्याउन सरकारसँग आग्रह गर्नुभयो ।

सांसद रघुजी पन्तले इजरायलमा मारिएका व्यक्तिका पारिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न माग गर्दै सम्पर्कविहीन भएका एक जनाको खोजी गर्न सरकारले कूटनीतिक सक्रियता बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद मनिष झाले इजरायलबाट केही नेपालीलाई ल्याइएकामा त्यसको स्वागत गर्दै स्वदेश आउन चाहने सबैलाई ल्याउन सरकारसँग आग्रह गर्नुभयो । सांसद रमा कोइराला पौडेलले इजरायलमा धेरै महिला सुसारे भएर गएकाले घर फर्कन चाहने उनीहरूलाई पनि फर्काउनुपर्नेमा जोड दिनुभयो ।

नेकपा (एमाले)का सांसद भीमप्रसाद आचार्यले शिक्षकका समस्या, स्वास्थ्यकर्मीका समस्या सम्बोधन गर्न माग गर्दै कालोबजारी नियन्त्रणतर्फ पनि ध्यान दिन सरकारसँग आग्रह गर्नुभयो ।

सांसद माधव सापकोटाले खेतबारी बाँझै राख्दा उत्पादन घटेकाले खाद्यान्न उत्पादन वृद्धिका लागि विशेष व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसदहरू मीना तामाङ, मुक्तकुमारी यादव, रामकुमार राई, रणेन्द्र बराली, रञ्जुकुकमारी झाले चाडपर्वका बेला बजार मूल्य नियन्त्रण गर्न सरकार चुकेको आरोप लगाउनुभयो ।

सांसद रामकृष्ण यादवले धनुषा जिल्लामा हुलाकी सडकको अवस्था दयनीय भएकाले तत्काल उक्त सडकको मर्मतसम्भार थाल्न माग गर्नुभयो ।

सांसद रामप्रकाश चौधरीले तराईमधेसका प्रत्येक नगरपालिकामा चाडपर्व लक्षित सुपथ मूल्यका पसल सञ्चालन गर्न सरकारलाई सुझाउनुभयो ।

नेपाली काङ्ग्रेसका रामहरि खतिवडाले डेङ्गु सङ्क्रमण रोक्न समयमै ठोस प्रयत्न नभए त्यसले भयावह रुप लिने भएकाले समयमै सचेत भएर नियन्त्रणका काममा लाग्नुपर्नेमा जोड दिनुभयो ।

# अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव स्वीकृत

काठमाडौँ, २६ असोज (रासस) ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसद प्रकाश पन्थले अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी सङ्कल्प प्रस्ताव स्वीकृत भएको छ ।

सांसद पन्थले सङ्कल्प प्रस्ताव पेस गर्दै त्यसको औचित्य र कारणबारे जानकारी गराउनु भएको थियो । उहाँले कानुनमा अपाङ्गता भएका व्यक्तिप्रति विभेद हुने व्यवस्थाको अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले उक्त व्यवस्था यथाशीघ्र खारेज, संशोधन वा नयाँ निर्माण गर्ने प्रक्रिया अगाडि बढाउन सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिन आग्रह गर्नुभयो ।

सांसद पन्थले अपाङ्गता भएका व्यक्तिको लागि अवरोधमुक्त तथा मर्यादित जीवनयापनका लागि संविधान तथा कानुनप्रदत्त मौलिक हक तथा नेपाल पक्ष रहेको अपाङ्गता अधिकारसम्बन्धी महासन्धिले सुनिश्चित गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्नु राज्यका सबै निकायको दायित्व भएको बताउनुभयो ।

प्रस्तावमा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण, विकास र अधिकारको कार्यान्वयनको अनुगमन, अध्ययन तथा अनुसन्धान, योजना तथा नीतिनिर्माणमा सहयोग, अपाङ्गताका सवालमा काम गर्न सबै किसिमका अपाङ्गता समूहको प्रतिनिधित्व हुनेगरी अधिकार सम्पन्न अपाङ्गता अधिकार प्रवर्द्धन प्रतिष्ठान वा आयोग स्थापना गर्न माग गरिएको छ ।

प्रस्तुत प्रस्तावका समर्थक शारदादेवी भट्ट, सिंहबहादुर विश्वकर्मा, तुलप्रसाद विश्वकर्मा, भगवती न्यौपाने, खिमलाल देवकोटा, गङ्गाकुमारी वेल्वासे, रमेशजङ्ग रायमाझी, बामदेव गौतम, विमल घिमिरे, दिलकुमारी रावल थापा ( पार्वती), विना पोखरेल, देवेन्द्र दाहाल, महेशकुमार महरा, समित्रा विसी, तुलसाकुमारी दाहाल, डा विमला राई पौडेलले प्रस्तावका विविध पक्षबारे आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।

यसैगरी, बैठकले राष्ट्रियसभा नियमावली संशोधन मस्यौदा समिति गठनसम्बन्धी प्रस्ताव पारित गरेको छ । सांसद रमेशजङ्ग रायमाझीले प्रस्तुत गर्नभएको राष्ट्रियसभा नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठनसम्बन्धी प्रस्ताव बैठकले सर्वसम्मतिले पारित गरिएको हो ।

बैठकमा राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति दिलकुमारी रावल थापा (पार्वती)ले 'राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन' पेस गर्नुभएको थियो ।

# सात सय ३१ झोलुङ्गे पुल निर्माण गरिने

काठमाडौँ, २६ असोज (रासस) ।

देशभरमा यस वर्ष सात सय ३१ पुलको निर्माण गरिने भएको छ । यीमध्ये कतिपय गत वर्षका निर्माणाधीन झोलुङ्गे पुलका योजना रहेको र कतिपय अहिले थप भएका रहेका स्थानीय पूर्वाधार विभागले जनाएको छ । पुराना सम्पन्न हुने र नयाँ योजना थपिँदै जानु नियमित नै हुने विभागका प्रवक्ता महेशचन्द्र न्यौपानेले बताउनुभयो ।

गत वर्ष सात सय ४१ को निमार्ण पूरा भएको स्थानीय पूर्वाधार विभागले जनाएको छ । गतवर्ष सात सय २० निर्माण गर्ने लक्ष्य लिइएकामा त्योभन्दा २१ बढी पुल सम्पन्न भएका थिए । सङ्घ, प्रदेश र स्थानीय सरकारबाट सम्पन्न भएका थिए । प्रदेश र स्थानीय तहबाट पुल निर्माणका लागि पनि सहजीकरण भने सङ्घीय सरकारले गर्दै आएको छ ।

गत वर्षहरूमै सुरु भएका धेरै पुलहरू रहेकामा तीमध्ये सात सय २० सकिन्छ भन्ने भए पनि त्यसमा बढी भएको प्रवक्ता न्यौपानेले बताउनुभयो । उहाँले भन्नुभयो, "समग्रमा झोलुङ्गे पुलको प्रगति राम्रो रहेको छ ।" अहिलेसम्म कम्तीमा प्रत्येक घण्टामा झोलुङ्गे पुल वा पुल हुने गरी निर्माण गरिरहेको उहाँले बताउनुभयो । सरकारले एक घण्टाको फेरो (पैदल यात्रा गर्ने दूरी) मा झोलुङ्गे पुल हुनुपर्ने मापदण्ड परिवर्तन गरेर अहिले आधा-घण्टामा हुने गरी बनाउन लागेको छ । नागरिकले सजिलै र छिटो सेवासुविधा पाउनुपर्ने मान्यताका आधारमा गर्न लागिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिलेको मापदण्डानुसार नै अझै केही बनाउन बाँकी छ ।"

सरकारले खासगरी ग्रामीण क्षेत्रमा नागरिकलाई नदी पार गर्नका लागि झोलुङ्गे पुल निर्माण गरिरहेको छ । सडकको सुविधा नपुगेको वा पुगे पनि तत्काल सडक पुल निर्माणको सम्भावना नरहेको ठाउँमा झोलुङ्गे पुल निर्माण भइरहेको छ । नागरिकलाई आवतजावतका लागि बनाइएका दुर्गम स्थानका कतिपय पुल पछिल्लो समयमा पर्यटन प्रवर्द्धनको माध्यमसमेत बन्दै गएको पाइएको छ ।

विगतमा नदी वारपार गर्न धेरै नदीमा तुइनको प्रयोग हुने गरेको थियो । सरकारले तुइन विस्थापित गरेर पहिले तुइन भएको सबै ठाउँहरूमा झोलुङ्गे पुलको निर्माण गरिसकेको छ । कतिपय स्थानमा व्यक्तिगत रूपमा सामान ओसार्न तुइन रहेको भए पनि नागरिकले ओहोरदोहोर गर्न तुइन चढ्नुपर्ने बाध्यता भने अहिले छैन ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# इजरायलबाट नेपाली नागरिक उद्धार गरी स्वदेश ल्याइयो

काठमाडौं, २६ असोज (रासस)।

इजरायलबाट दुई सय ५४ जना नेपाली नागरिकलाई उद्धार गरी शुक्रबार बिहान नेपाल ल्याइएको छ। उहाँहरूलाई नेपाल एयरलाइन्सको वाइडबडी विमानबाट नेपाल ल्याइएको हो। उहाँहरूलाई लिनका लागि परराष्ट्रमन्त्री नारायणप्रकाश साउदलगायतका सरकारी अधिकारीहरू टोली इजरायल जानुभएको थियो।

उद्धारपछि शुक्रबार बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कुरा गर्नुहुँदै परराष्ट्रमन्त्री साउदले इजरायलबाट नेपाल फर्कन चाहना राख्नुभएका पाँच सय तीन जनामध्ये दुई सय ५४ जनालाई नेपाल ल्याइएको र अन्यलाई पनि छिट्टै नेपाल ल्याइने जानकारी दिनुभयो।

“इजरायलको तेल अभिवस्थित नेपाली राजदूतावासले सुरक्षित स्थानमा स्थानान्तरण हुन तथा नेपाल फर्कन चाहने नेपालीहरूलाई अनलाइनमार्फत आफ्नो विवरण प्रविष्ट गर्न अनुरोध गरेबमोजिम शुक्रबारसम्म पाँच सय ५७ जनाले आफ्नो विवरण उपलब्ध गराउनुभएको छ। जसमध्ये पाँच सय तीन जनाले नेपाल फर्कन अनुरोध गर्नुभएकोमा दुई सय ५४ जना शुक्रबार हामीसँगै स्वदेश फर्कनुभएको छ।”

परराष्ट्रमन्त्री साउदले जोखिमपूर्ण स्थानबाट स्थानान्तरण गर्न आवेदन गर्नुभएका ५४ जनालाई सुरक्षित स्थानमा सारिएको पनि जानकारी दिनुभयो। यस घटनामा परी चार जना नेपाली नागरिक घाइते हुनुभएकोमा एक जना उपचारपछि शुक्रबारै स्वदेश फर्कनुभएको, एक जना अस्पतालबाट उपचारपछि डिस्चार्ज हुनुभएको र बाँकी दुई जना स्थानीय अस्पतालमा उपचाररत रहनुभएको मन्त्री साउदले जानकारी दिनुभयो। “आक्रमणमा परी हालसम्म सम्पर्कविहीन हुनुभएका विपिन जोशीको खोजी निरन्तर जारी छ”, उहाँले भन्नुभयो, “यस विषयमा थप जानकारी प्राप्त हुनासाथ जानकारी गराउने छौँ।”

इजरायलमाथि हमास समूहको आक्रमणमा परी सुदूरपश्चिम विश्वविद्यालयबाट इजरायल गएका १० जना नेपाली विद्यार्थीको निधन भएको र उहाँहरूको शव नेपाल ल्याउनका लागि इजरायल सरकारसँग समन्वय भइरहेको पनि उहाँले जानकारी दिनुभयो। “कानुनी प्रक्रिया पूरा गरी प्रत्येक शवको छुट्टाछुट्टै विवरण राख्नुपर्ने र हाल इजरायलमा शवको सङ्ख्या अत्यन्तै बढी भएकाले प्रक्रिया पूरा गरी शव हस्तान्तरणका लागि केही समय लाग्ने इजरायली पक्षले जनाएको छ। त्यसैले उहाँहरूको परिवार तथा आफन्तलाई केही समय धैर्यधारणा गर्न म अनुरोध

*बाँकी अन्तिम पृष्ठमा*


## बालविवाह विरुद्ध अपील
## “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालबिवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, कदमाहा, सप्तरी**



## बालविवाह विरुद्ध अपील
## “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालबिवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, नर्हो, सप्तरी**


## विश्व समाचार

### सामाजिक सञ्जाल एक्सले हमास सम्बद्ध सयौं खाता हटायो

क्यालिफोर्निया, अमेरिका, २६ असोज (रासस/एएनआई)।

इजराइलमा हमासको हालैको आक्रमणपछि सामाजि सञ्जाल एक्स (यसअघि यसको नाम ट्विटर थियो) ले हमास सम्बद्ध सयौं खाताहरू हटाएको छ। “आतङ्कवादी सङ्गठनहरूलाई एक्समा कुनै स्थान छैन” भन्दै उसले खाता बन्द गरेको हो।

“एक्स सार्वजनिक कुराकानीको सेवाका लागि प्रतिबद्ध छ, विशेषगरी यस्ता महत्वपूर्ण समयमा एक्सको प्लेटफर्ममार्फत प्रसारित हुनसक्ने कुनै पनि अवैध सामग्रीलाई सम्बोधन गर्नुपर्ने महत्वलाई एक्सले बुझेको छ”, एक्सका प्रमुख कार्यकारी अधिकृत लिन्डा याकारिनोले भन्नुभयो, “आतङ्कवादी सङ्गठन र हिंसात्मक अतिवादीहरूलाई एक्समा कुनै स्थान छैन र हामी सही समयमा सक्रिय समूहसहितका यस्ता खाताहरू हटाउन जारी राख्छौं।”

युरोपेली युनियन उद्योगका प्रमुख थिएरी ब्रेटोनले एक्सका मालिक एलन मस्कलाई जारी गर्नुभएको २४ घन्टे अल्टिमेटमले एक्सलाई ती खाता हटाउने परिस्थिति बनाएको थियो। ब्रेटोनले एक्समा दुष्प्रचारको सामना गर्न र नयाँ इयु अनलाइन सामग्री नियमहरूको पालना गर्न आग्रह गर्दै मस्कलाई अल्टिमेटम दिनुभएको थियो। ब्रेटोनले युरोपेली युनियनभित्र अवैध सामग्री र दुष्प्रचारमा एक्सको कथित प्रयोगप्रति चिन्ता व्यक्त गर्नुभएको थियो।

इयुको नयाँ डिजिटल सर्भिस कानूनअन्तर्गत एक्स र मेटाको फेसबुक जस्ता ठूला अनलाइन प्लेटफर्मलाई अवैध सामग्री हटाउन र सार्वजनिक सुरक्षाका साथै नागरिक बहसमाथिको खतरालाई सम्बोधन गर्न सक्रिय उपाय अवलम्बन गर्न आवश्यक छ।

थिएरी ब्रेटोनले गत सोमबार इजराइलमा भएको हमलापछि आफ्नो प्लेटफर्ममार्फत भएका दुष्प्रचारको सामनाका लागि गरिएका कारवाहीका बारेमा जानकारी दिन मेटा (फेसबुक) लाई पनि २४ घन्टाको समय दिनुभएको थियो।

### गाजा सहर खाली गर्न सर्वसाधारणलाई इजराइली सेनाको आदेश

जेरुसेलम, २६ असोज (रासस/एपी)।

इजराइली सेनाले शुक्रबार गाजाका २३ लाख जनतामध्ये करिब आधालाई उक्त सहर खाली गर्न आदेश दिएको संयुक्त राष्ट्रसङ्घका एक अधिकारीले बताएका छन्। इजराइलमाथि हमासको भयानक आक्रमणपछि हमास लडाकु समूहलाई निमिट्यान्न पार्ने लक्ष्यका साथ जमिन आक्रमण गर्नुअघि सेनाले उक्त आदेश दिएको हो।

उक्त आदेशले यस अघिदेखि नै इजराइली हवाईहमला र नाकाबन्दीको सामना गरिरहेका सर्वसाधारण र सहायताकर्मीहरू आतङ्कित भएका छन्। इजराइली सेनाले गाजा सिटीका लाखौं नागरिकलाई गहिरो दक्षिणी गाजापट्टी (साँघुरो तटीय क्षेत्र) तर्फभाग्न चेतावनी दिँदै बिहान गाजा सिटी खाली गर्न आदेश दिएको थियो।

गाजा सिटीका सुरुङमुनि हमास लडाकुहरू लुकेर बसेको इजराइलको आदेशमा आरोप लगाइएको थियो। “यो निष्कासन तपाईं आफ्नै सुरक्षाका लागि हो”, गाजा सिटीका नागरिकहरूलाई पठाइएको चेतावनीमा इजराइली सेनाले भनेको छ। बिहीबार संयुक्त राष्ट्रसङ्घले इजराइली सेनाबाट न्युयोर्कमा उत्तरी गाजाका सबै ११ लाख सर्वसाधारणलाई दक्षिणतिर भाग्न २४ घन्टाको समय दिएको एउटा छुट्टै निर्देशन प्राप्त गरेको बताएको छ।

सन् २००७ देखि गाजामा शासन गरेको हमासले उक्त आदेशलाई खारेज गरेको छ। उसले प्यालेस्टिनीहरूलाई आफ्नो घरमै रहन र कब्जा गरेर छेडिएको मनोवैज्ञानिक युद्धको सामना गर्न दृढ रहन आह्वान गरेको छ।

“यो अराजकता हो, के गर्नुपर्ने कसैले बुझेको छैन”, गाजा सिटीमा संयुक्त राष्ट्रसङ्घ प्यालेस्टिनी शरणार्थी एजेन्सीकी अधिकारी इनास हमदानले भन्नुभयो। उहाँले गाजा सिटी र उत्तरी गाजामा रहेका राष्ट्रसङ्घका सबै कर्मचारीहरूलाई दक्षिणी रफाहमा जान भनिएको बताउनुभयो।

### बेइजिङमा इजराइली दूतावासका कर्मचारीमाथि आक्रमण

बेइजिङ, २६ असोज (रासस/एएफपी)।

शुक्रबार बेइजिङस्थित इजराइली दूतावासका एक कर्मचारीमाथि आक्रमण भएको इजराइलको विदेश मन्त्रालयले जनाएको छ।

“शुक्रबार बेइजिङमा इजराइली दूतावासका एक इजराइली कर्मचारीमाथि आक्रमण भएको छ”, दूतावासको परिसरमा आक्रमण नभएको उल्लेख गर्दै विदेश मन्त्रालयको विज्ञप्तिमा भनिएको छ, “ती कर्मचारीको अस्पतालमा उपचार भइरहेको छ र उनको अवस्था स्थिर रहेको छ, आक्रमणको कारण पत्ता लगाउने प्रयास भइरहेको छ।”

गत शनिबार आश्चर्यजनक हमलामा हमासका बन्दुकधारीहरूले इजराइलमा एक हजार दुई सयभन्दा बढीको हत्या र करिब एक सय ५० जनालाई बन्धक बनाएपछि दूतावासका कर्मचारीमाथि आक्रमणको घटना भएको छ। इजराइलले बदलास्वरूप गाजापट्टीमा हमासका लक्ष्यहरूमा हवाई आक्रमणसँगै तोप वर्षाएर एक हजार तीन सय ५० भन्दा बढीलाई मारेको छ। हमासले इजराइली र यहूदीमाथि हमला गर्नका लागि विश्वभरका आफ्ना समर्थकहरूसँग शुक्रबार ‘क्रोध दिवस’ मनाउन आह्वान गरेको इजराइली विदेश मन्त्रालयले वेबसाइटमार्फत जारी गरेको विज्ञप्तिमा चेतावनी दिएको छ।

“विभिन्न देशमा विरोधका घटनाहरू हिंसात्मक बन्न सक्छन् भन्ने अनुमान गर्नु उचित छ”, विज्ञप्तिमा भनिएको छ। शुक्रबार अपराह्न उत्तरपूर्वी बेइजिङको एक कूटनीतिक छिमेकमा रहेको इजराइली दूतावास सामान्यरूपमा सञ्चालन भएको देखिएको एएफपीका एक पत्रकारले बताए। सुरक्षाकर्मीहरूले उक्त क्षेत्र नखिच्न एएफपीलाई आग्रह गरेका थिए। बाहिरबाट त्यहाँ कुनै निगरानी भइरहेको देखिएको थिएन। उक्त घटनाबारे चीनको विदेश मन्त्रालयले तत्काल कुनै प्रतिक्रिया दिएको छैन।

# कोशी पीडित समाजको २०औं साधारण सभा सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, २६ असोज ।**
दिगो समाजिक बिकासका लागि बिपत उत्थानशिलता क्षेत्रमा कार्य गर्दै आएको कोशी पीडित समाजले २०औ बार्षिक साधारण सभा शुक्रबार सम्पन्न गरेको छ ।

राजबिराजमा आयोजित सभामा संस्थाका सुकदेव चौधरीले जिल्ला बाढी, बिपतवाट प्रभाबित क्षेत्र हनुमाननगर कंकालनी नगरपालिका, सप्तकोशी, कंचनरूप नगरपालिका, तिलाठीकोईलाडी गाउपालिका सहित पालिकाहरूमा बिपत ब्यबस्था प्रतिकार्य, जोखिम न्युनिकरण, खोज उद्वार क्षेत्रमा तथा स्वरोजगार र उधमशिलताका लागि कार्य गर्दै आएको बार्षिक प्रतिवेदन प्रस्तुत गरे ।

संस्थाले बाढी प्रभाबित क्षेत्रका स्थानियवासीहरूलाई स्वरोजगार गरी आयआर्जन गर्न कृषकहरूलाई बिउबिजन, कृषि तालिम, सिचाई ब्यबस्थापनमा सहयोग गरेपछि तरकारी खेती तर्फ आक्रसित हुँदै गएको संस्थाका निर्देशक देव नारायण यादबले जानकारी दिए ।

बार्षिक साधारण सभामा मधेश प्रदेश सरकारका अर्थ तथा योजना समितिका सभापति सतिश कुमार सिंह, सेभ द सप्तरीका अध्यक्ष ध्रुव देव, राजबिराज वडा ३ का सदस्य बिरेन्द्र कुमार साह, समाजसेवी देवनारायण यादब, दाजुभाई ईट्टा ब्यवसायी राजकुमार चौधरी, हनुमानगर नगरपालिका १ का कृषक रामकुमार यादब, शिव बहादुर सुवेदी, नागरिक मंचका संयोजक रामचन्द्र खंग, पत्रकार चन्दन यादब लगायतले शुभकामना मन्तब्य दिएका थिए ।

सप्तरी कार्यक्षेत्र बनाउदै समुन्नत समाजको परिकल्पना गर्दै बहुआयमिक क्षेत्रमा संस्था विगत २० वर्षदेखी निरन्तर क्रियाशिल रहदै आएको छ ।

# कोशी प्रदेशको मुख्यमन्त्रीका लागि शनिबारलसम्म समय थप

**दैनिक समाचारदाता**
**विराटनगर, २६ असोज ।**
कोशी प्रदेशको मुख्यमन्त्री नियुक्तिका लागि शनिबार बिहान ८ बजेदेखि २ बजेसम्म परिचय खुल्ने प्रमाणसहित उपस्थित हुन प्रदेशसभा सदस्यलाई प्रदेश प्रमुखको कार्यालयले आह्वान गरेको छ ।

मुख्यमन्त्री पदका लागि बिहीबार नेपाली कांग्रेसका तर्फबाट निर्वाचित प्रदेशसभा सदस्य केदार कार्की र नेकपा माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले ४७/४७ जना प्रदेशसभा सदस्यको हस्ताक्षरसहित दावी पेश गरेका थिए ।

प्रदेश प्रमुख परशुराम खापुङ्गले मुख्यमन्त्री पदका लागि असोज २० गते गरेको आह्वानमा दुई सदस्यले दाबी पेश गर्दा कांग्रेसका आठ प्रदेशसभा सदस्यको हस्ताक्षर दोहोरिएपछि शनिबार परिचय खुल्ने प्रमाणसहित उपस्थित हुन शुक्रबार विज्ञप्तिमार्फत आह्वान गरिएको छ ।

# एमाले मधेस प्रदेशमा सहमतिको प्रयास जारी

**दैनिक समाचारदाता**
**जनकपुर, २६ असोज ।**
नेकपा (एमाले) मधेस प्रदेश अधिवेशनमा नयाँ नेतृत्व चयनका लागि सहमतिको प्रयास भइरहेको छ ।

निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृत टीकाध्वज खड्काका अनुसार पार्टीको पदाधिकारीमा एकल उम्मेदवारी परेको छ ।

अध्यक्षमा सिरहाका चन्देश्वर मण्डल, उपाध्यक्षमा विचारी राउत यादव (पर्सा), सचिवमा मनोज पौडेल (बारा), सहसचिव (महिला) मा आरती भण्डारी (रौतहट) र सहसचिव पुरुषतर्फ मोहम्मद कैस (धनुषा) को एकल उम्मेदवारी परेको हो ।

त्यसैगरी लेखा आयोगको अध्यक्षमा तीन जनाको उम्मेदवारी परेको छ । जीतेन्द्र पासवान (महोत्तरी), लक्ष्मीनारायण यादव (धनुषा) र परमेश्वर रजक (महोत्तरी) को उम्मेदवारी परेको प्रमुख निर्वाचन अधिकृत खड्काले बताए । लेखा समिति सचिवमा भने सिरहाका दीपेन्द्र महतोको एकल उम्मेदवारी परेको छ ।

दुई सय ४२ सदस्यीय प्रदेश समितिका लागि आठ जिल्लाबाट तीन सय ९८ जनाको उम्मेदवारी परेको छ । “अहिले पाँच सदस्यीय पदाधिकारीमा एकल उम्मेदवारी परेको छ । सदस्यमा धेरै जनाको उम्मेदवारी परेको छ । “सहमति नभए निर्वाचन समितिले आवश्यक प्रक्रिया अवलम्बन गर्छ”, प्रमुख निर्वाचन अधिकृत खड्काले भने ।

एमाले केन्द्रीय सचिव रघुवीर महासेठले पनि धेरै उम्मेदवारी परेका जिल्ला र पदका विषयमा सम्बन्धित पक्ष एवं जिल्लागत रुपमा छलफल गरी सहमतिको प्रयास जारी रहेको जानकारी दिए ।

## *भगवती मन्दिर ...*

सदस्य देव नेतृत्वको समितिले आवश्यक मूर्ती निर्माण, समाजका गणमान्य व्यक्तिहरुको समेत राय सल्लाह लिई आम्दानी र खर्चलाई परिणाममूखी हुने गरि वडाले समय समयमा दिने सल्लाहर निर्देशनलाई पालना गर्दै वडामा जानकारी दिन भनिएको छ ।

नजिकिदै गएको वडा दशैंको समयमा मन्दिरमा गरिने पूजा तथा श्रद्धालुभक्तजनहरुलाई सरल तरिकाले पूजा गर्ने व्यवस्था मिलाउन लगायतका अनय कार्यहरु समेत समितिले गर्नेछ ।

## *बीच सडकम ...*

यातायातका साधनहरुको आवतजावतमा निकै कठिनाई भइरहेको थियो ।” उनले भने, “सडक जाम हुँदा दुर्घटनाको सम्भावना समेत बढेको र चौतर्फि गुनासो आएपछि नगरपालिकाको निर्णय अनुसार सडक खुल्ला गर्न हटिया सारिएको हो ।”

विगतमा यस सडक खण्डमा पशु हाट लाग्ने गर्थ्यो । हुलाकी मार्ग निर्माणपछि बीच सडकमै तरकारी बजार लाग्दा दुर्घटनाको सम्भावना समेत बढ्दै गएको हो । मालपोत कार्यालय, दुई वटा अदालत, जिल्ला प्रशासन कार्यालय लगायतका सरकारी कार्यालय रहेको यस स्थानमा सेवाग्राहीका साथै यातायातका साधनहरुको बढी चाप हुनेगर्छ ।

हाल राजविराज हटिया पुर्ननिर्माणको क्रममा रहेकोले विगत तीन वर्षदेखी हटिया बजार अतिव्यस्त अदालत रोडमै लाग्ने गरेको थियो ।

## *इजरायलबाट ...*

गर्दछु”, उहाँले भन्नुभयो ।

हाल तेल अभिवबाट नियमितरुपमा व्यावसायिक हवाई उडान पनि सञ्चालन भइरहेकाले यसपटक कारणवश छुट्नुभएका नेपालीहरूलाई आवश्यकताअनुसार नेपाल सरकारले नेपाल फर्काउन व्यवस्था गर्ने उहाँको भनाइ छ ।

परराष्ट्रमन्त्री साउदले नेपाली नागरिकको उद्धार गर्न साथ दिई ऐक्यबद्धता जनाउनुहुने सञ्चारमाध्यम तथा सञ्चारकर्मी, इजरायल सरकार तथा नेपाल सरकार, इजरायलको नेपालस्थित राजदूतावास र नेपालको इजरायलस्थित राजदूतावास जस्ता निकाय र विमान चालकदलका सदस्यलाई पनि धन्यवाद दिनुभएको छ ।

शुक्रबारै उद्धार गरी नेपाल ल्याइएका नागरिकहरूलाई विभिन्न गन्तव्यमा पुऱ्याउनका लागि विमानस्थलमा नेपाल प्रहरी तीन वटा बस तयारी अवस्थामा राखिएको थियो ।

# धार्मिक सहिष्णुताका लागि मुस्लिम संघको ज्ञापनपत्र

काठमाडौं, २६ असोज (रासस) ।
नेपाल मुस्लिम सङ्घले देशका केही भागमा देखिएको अवस्थालाई मध्यनजर गरी धार्मिक सहिष्णुता कायम गर्न सबैको ध्यानाकर्षण गराउँदै उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई बिहीबार ज्ञापनपत्र बुझाएको छ ।

उक्त सङ्घका सभापति अतावुल मन्सुरको नेतृत्वको टोलीले बिहीबार मन्त्री श्रेष्ठलाई भेटी केही दिन यता देशका केही भागमा देखिएको धार्मिक असहिष्णुताप्रति नेपाल मुस्लिम सङ्घको गम्भीर चिन्ता रहेको भन्दै सहिष्णुता कायम गर्ने वातावरण बनाउन नेपाल सरकारसँग माग गरिएको छ ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठमार्फत् नेपाल सरकारलाई दिइएको सो ज्ञापनपत्रमा नेपालीहरूका महान पर्वहरूको सुरुआतसँगै फेरि पनि त्यस्ता धार्मिक असहिष्णुताका घटना नदोहरिएलान् भन्न नसकिने भन्दै त्यसैले दसैं, तिहार, छठ तथा मुस्लिम धर्मावलम्बीहरूले मनाउने मोहर्रम पर्व मनाउने क्रममा आवश्यक सुरक्षा र सद्भावको व्यवस्थाका लागि माग गरिएको छ ।

यस्ता धार्मिक कार्य सम्पन्न गराउने क्रममा आवश्यक सुरक्षा प्रबन्धका लागि सम्पूर्ण जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायका सबै अङ्गहरूलाई विशेष निर्देशन दिन सो ज्ञापनपत्रमा अनुरोध गरिएको छ ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : तिरहुत गाउँपालिकाको कार्यालय, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np